निर्णय नं.१  आ.व. ०७२/०७३ मा यस जिल्लामा संचालित समग्र जिल्ला विकास कार्यक्रमको तेस्रो तथा जिल्ला स्तरीय वार्षिक प्रगति समीक्षा वैठक उल्लेखित उपस्थितिमा सम्पन्न गरियो । प्रगति र समीक्षाको क्रममा जिल्लामा देहाय वमोजिम भएको पाईयो ।

१.१ जिल्ला स्थित विषयगत  कार्यालयहरु र विकास साझेदार गै.स.स हरुले यस अवधिमा संचालित कार्यक्रमहरु वार्षिक लक्ष्य मुताविक नै अधिकाशं कार्यालय, सघ.सस्थाहरुले ९० प्रतिशत भन्दा वढि भौतिक तथा वित्तीय प्रगति गरेको पाईयो ।

१.२.. सवै जसो कार्यालयहरुले प्रथम तथा दोस्रो चौमासिक अवधिमा गर्नु पर्ने कार्यक्रमहरु तेस्रो चौमासिकमा आएर पुरा गरेको पाईयो ।

१.३ आयोजनाहरुको संख्या वढी हूदा सवै अयोजनाहरुको अनुगमन गर्न नसकिएको जानकारी भयो ।

१.४ केही कार्यक्रको वजेटहरु आ.व. को अन्तमा निकासा हुदां कार्यान्वयन प्रभावकारी हुन नसकेको टिप्पणी गरियो ।

१.५ जिल्ला प्रविधिक कार्यालयमा प्राविधिक पदहरु र जि.वि.स.को कार्यालयमा गा.वि.स. सचिव पदहरु धेरै संख्यामा वटा रिक्त हुदा सेवा प्राप्तिमा कठिनाई भएको पाईयो ।

१.६ आ.व. ०७१/०७२ को न्यूनतम सर्त र कार्य संम्पादन मापन (mcpm) तर्फ ४५ वटा गा.वि..स. उत्तीर्ण भएका र ११ वटा गा.वि.स. अनुत्तीर्ण भएका तथा न्यूनतम सर्त तर्फ जि.वि. स. को कार्यालय उत्तीर्ण भई कार्य सम्पादनमा ५६ अंक प्राप्त भएको जानकारी भयो ।

१.१० प्राप्त वजेटको आधारमा मात्र आयोजना तर्जुमा गर्नु पर्नेमा वजेट प्राप्त हुने सम्भावना पनि आयोजना तर्जुमा हुदा आयोजना कार्यान्वयनमा  समस्या भएको देखियो ।

१.११ कार्यालय प्रमुखको सरुवा भएपछि अर्को प्रमुख तुरुन्त पठाउनु पर्ने र सके सम्म अन्य वैकल्पिक उपाय अवलम्वन गरेर भएपनि वार्षिक कार्यक्रम भित्र परेका सवै कार्यक्रमहरु समयमै सम्पन्न गरी वजेट फ्रिज नगर्न निर्देशन दिईयो ।

निर्णय न.२ प्र.जि.अ. /राजनितिक दल / शिक्षण संस्था/ नागरिक समाज/ पत्रकार/ अन्य उपस्थित महनुभावहरु  वाट समष्टिगत रुपमा प्राप्त सुझावहरु तपसिल वमोजिम भएको ।

- समीक्षा गोष्ठीलाई प्रभावकारी वनाउनु पर्ने ।
- कार्यालय प्रमुखहरुको उपस्थिति न्यून रहेको ।
- प्रस्तुत तथ्याकंमा शका उव्जेको ।
- रकम फ्रिजको कारण नखुलेको।
- धेरै प्रतिशत घटेर ठेक्का दिन नहुने ।

- आधारतह थाहा नभएकोले थप प्रगति वुझ्न नसकिएको ।
- जिल्ला स्थित कार्यालय एवं स्थानीय निकायहरुमा रिक्त पदहरु पूर्तिका लागि तु व्यवस्था गर्नु पर्ने ।
- आयोजनाहरुको गुणस्तरीय काम नभएको ।
- समीक्षाका कारण जिल्लाको समग्र विकासको रुपरेखा थाहा भएको ।
- शिक्षा र स्वास्थ्यको स्थितिमा थप सुधार आवश्यक रहेको ।
- निर्वाचन क्षेत्र विकास कार्यक्रमको कार्यान्वयन राम्रो नभएको ।
- गै. स.स. हरुले गरेका कार्यहरु  विषयगत कार्यालयहरुको प्रगतिमा समावेश हुनु पर्ने ,
- प्रगति प्रस्तुत गरिदा नराम्रा पक्ष देखाईएन ।
- राजनितिक दलहरुको समन्वयात्मक स्थितिले काम गर्न सघाउ पुगेको।
- गाउं विकास समितिहरुको छुट्टै समीक्षा हुनु पर्ने ।
- कुन कार्यालय / सघं सस्थाहरुले सम्वन्धित गा.वि.स.हरुमा के कस्तौ कार्य गरेका छन् भन्ने कुराको जानकारी ति ति गा.वि.स. हरुवाट पनि लिनु पर्ने ।
- अनुपस्थित कार्यालय प्रमुखहरुले सार्वजनिक सुनवाई गरी जनतालाई प्रगतिको जानकारी गर्नु पर्ने ।
- कार्यालय प्रमुखको सरुवा भए पछि अर्को कार्यालय प्रमुख सम्वन्धित निकायले तुरुन्त पठाउनु पर्ने देखियो ।
- वजेट सिलिङ. अनुसार नै अख्तियारी आउनु पर्ने ।
- जिल्ला स्थित कार्यालयहरु र स्थानीय निकायमा रिक्त पदहरु पूर्ति गर्नु पर्ने ।
- योजनाको लागत अनुसार वजेट विनियोजन हुनु पर्ने ।
- सेवा केन्द्र /उप केन्द्रहरुमा कृषि/ पशु प्राविधिक जनशक्तिको व्यवस्था गर्नु पर्ने ।

निर्णय न. ३ गै.स.स. सघं सस्थाहरुले जि.वि.स. मार्फत  अनुदान पाएकाहरुवाट मात्र कार्यक्रम प्रस्तुति भएको देखियो ,अन्य सघं संस्थाहरुको वार्षिक कार्य प्रस्तुत नभएको ।

निर्णय नं. ४ प्राप्त सुझावहरुको कार्यान्वयनको लागी जि.वि.स. लाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ समीक्षाका अध्यक्ष एवं स्थानीय विकास अधिकारी वाट वार्षिक लक्ष्य र चौमासिक विभाजन अनुसार कार्यक्रम कार्यान्वयन गर्न जानकारी गराउनु भएको  र तेस्रो चौमासिकमा आएर भएपनि  सम्पूर्ण कार्यक्रमहरुको प्रगति प्रस्तुत गर्नु भएकोमा सरकारी एवं गै.स.स. कार्यालय प्रमुखहरुलाई  धन्यवाद तथा समीक्षकको रुयमा रहन हुने प्रमुख जिल्ला अधिकारी लगायत अन्य कार्यालयहरु राजनितिक दलका प्रमुख एवं प्रतिनिधिहरु शिक्षण संस्थाका प्रमुखहरु नागरिक समाजका प्रतिनिधिहरु सवैले सक्रीय सहभागिता जनाई समीक्षा गोष्ठीलाई  प्रभावकारी वनाउनु भएकोमा सवैलाई धन्यवाद दिनुहुदै समीक्षा गोष्ठीको समापन गर्नु भयो ।